# रौतामाई गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

भुटार, उदयपुर
१ नं. प्रदेश, नेपाल

च.नं. ३६२/०७५/०७६

## वोलपत्र/सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५/०८/०३

यस कार्यालयबाट चालु आ.व. ०७५/७६ मा यस कार्यालय अन्तर्गत संचालन हुने स्वीकृत कार्यक्रमहरु तपसिलमा उल्लेखित कार्यहरु ठेक्काको माध्यमबाट गर्नुपर्ने भएकोले मूल्य अभिवृद्धि कर र स्थानीय लेखा नम्बर दर्ता प्रमाण पत्र प्राप्त निर्माण व्यवसायीबाट निम्न शर्तहरुको अधिनमा रीतपूर्वकको वोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :

१. सम्बन्धित कागजातहरु संलग्न भएको वोलपत्र फाराम रौतामाई गाउँपालिकाको कार्यालय, भुट्टारबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३० औं दिन र सिलबन्दी दरभाउपत्रको हकमा १५ औं दिनसम्म यस कार्यालय समयभित्र राष्ट्रिय वाणिज्य बैक गाईघाट स्थित रहेको संचित कोष खाता न.ग ४ -१ जम्मा गरेको भौचरलाई वोलपत्र/सिलबन्दी दरभाउ हकमा तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिने छ ।

२. खरिद गरिएका वोलपत्रहरु उल्लेख भएका सबै विवरणहरु भरी वोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण, प्रोफाइटरको नाम, ठेगाना, फोन न. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले सिलबन्दी दरभाउ पत्रको हकमा १६ औं दिन र बोलपत्रको हकमा ३१ औं दिनको १२ :०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ । म्यादभित्र प्राप्त हुन आएका बोलपत्र/सिलबन्दी दरभाउ सोही दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा वोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा गाउँपालिकाको कार्यालयमा खोलिने छ । वोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरुको रोहवरमा वोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको वोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

४. वोलपत्र/सिलबन्दी दरभाउको प्रत्येक आइटमको भ्याट बाहेकको दर अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गनुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

५. बोलपत्रको मान्य अवधि बोलपत्र खोलेको दिनदेखि ९० दिन र सिलबन्दी दरभाउ पत्रको मान्य अवधि ४५ दिन हुनेछ । वोलपत्रसाथ जमानत वापतको तल उल्लेखित रकम रौतामाई गाउँपालिकाको कार्यालय, भुट्टार, उदयपुरको रा.बा. बैक गाईघाट शाखामा रहेको धरौटी खाता २०९०३०३००७१०४ मा दाखिला गरेको सक्कल भौंचर अथवा यस कार्यालयको नाममा जारी भएको वोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट वोलपत्रको हकमा कम्तिमा १२० दिन र सिलबन्दी दरभाउ पत्रको हकमा ७५ दिन म्याद भएको बाणिज्य वैकबाट जारी भएको वैक जमानत (Bid Bond) संलग्न हुनुपर्ने छ ।

६. वोलपत्र /सिलबन्दी दरभाउ पत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईने छ ।

७. रीत नपुगी वा म्याद नाघी आएको वोलपत्र/सिलबन्दी दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।

८. कुनै कारण जनाई वा नजनाई वोलपत्र/सिलबन्दी दरभाउ पत्र पूरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

१०. वोलपत्र सम्बन्धी अन्य जानकारी चाहिएमा यस कार्यालय (फोन न.९८५२८५१०१६, ९८६०६६०४६७) मा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

### वोलपत्र /सिलबन्दी दरभाउ पत्र सम्बन्धि कार्यको विवरण

| क्र. स. | ठेक्का न. | ठेक्काको किसिम | कामको विवरण | ल.ई. रकम रु (भ्याट बाहेक) | धरौटी रकम रु. | बेलपत्र खरीद दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | ०७५/७६/८ | निर्माण सम्बन्धी बोलपत्र | १ नं. वडा कार्यालय भवन निर्माण डहर | ४०९७९६।११ | १२००००। | ३०००। |
| २ | ०७५/७६/ ९ | निर्माण सम्बन्धी बोलपत्र | ४ नं. वडा कार्यालय भवन निर्माण पोखरी | ३९६५६६७७२ | ११५०००। | ३०००। |
| ३ | ०७५/७६/१० | निर्माण सम्बन्धी सिलबन्दी दरभाउपत्र | प्रहरी चौकी भवन निर्माण भुटार | १७२७८२६।६९ | ५००००। | ३०००। |

२०७५।०८।०३

प्रमुख प्रशासकीय अधिकृत

अम्बरराज राई

प्रमुख प्रशासकीय अधिकृत